२०७५, जेठ
बुधबार
३०

भक्तपुर, काभ्रे र नुवाकोटको अध्ययन पूरा गरेको समितिले अब चितवन र मकवानपुरको अध्ययन पश्चात आगामी असार १० गते प्रतिवेदन पेश गर्ने भएको छ। समितिको म्याद असार ११ गते सकिँदै छ।

नेपाल

# स्थायी राजधानी बनाउन भक्तपुरको स्थलगत अध्ययन

नेपाल समाचारपत्र

भक्तपुर

भक्तपुरलाई स्थायी राजधानी निर्धारण गरेमा प्रदेशसभाको बैठक बस्ने स्थानको रूपमा पहिचान गरेको बोडेस्थित कृषि विकास बैंकको तालिम हलमा भएको सुझाव संकलनमा सहभागी जनप्रतिनिधिहरूले भक्तपुरमै स्थायी राजधानी बनाउनुपर्ने तर्क राखेका छन्।

छलफलमा प्रतिनिधसभा सदस्य तथा पूर्वमन्त्री महेश बस्नेतले भक्तपुरको मात्रै नभई सिंगो ३ नम्बर प्रदेशको हितका लागि भक्तपुर स्थायी राजधानी हुने चर्चा गर्दै केन्द्रीय राजधानीसँग जोडिएको भन्ने तर्कबाहेक भक्तपुर प्रदेश राजधानी हुन नहुने कुनै कारण नभएको बताउनुभयो।

उहाँले भन्नुभयो- 'मध्यपुर थिमी र मनोहरा कागेश्वरी नगरपालिकालाई समेटेर सरकारले एक लाख रोपनी जग्गामा आधुनिक शहर बनाउन लागेको छ। त्यसका लागि सरकारले डीपीआर निर्माणका लागि १२ करोड रुपियाँ बजेटसमेत छुट्याइसकेको छ, त्यसैमा प्रदेश सरकारका मन्त्रीहरूका लागि आवश्यक क्वार्टरसमेत निर्माण गर्ने तय भएको छ, यो ठाउँ चौतर्फी सडक, भौतिक संरचनाको पहुँच भएकाले पनि भक्तपुर प्रदेश राजधानी उपयुक्त हुन्छ।'

छलफलमा ३ नं. प्रदेशका प्रदेश सदस्य शशीजंग थापाले भक्तपुर नै प्रदेश राजधानी हुनुपर्ने १० वटा तर्क राख्नुभयो। नेपाल मजदूर किसान पार्टीबाट प्रतिनिधित्व गर्ने ३ नम्बर प्रदेशका प्रदेश सदस्य सिर्जना सैंजूले भने भक्तपुर मात्रै नभई राजधानी काठमाडौंको वरपर नै राख्न नहुने बताउनुभयो।

प्रदेश नं ३ को स्थायी राजधानी निर्धारण गर्न गठन भएको प्रदेश राजधानी सम्भाव्यता अध्ययन समितिले प्रदेशको राजधानी सम्भाव्यता अध्ययन गर्ने क्रममा भक्तपुर जिल्लाको स्थलगत अध्ययन गरेको हो। प्रदेशको राजधानी सम्भाव्यता अध्ययन विशेष समितिको सचिवालयमा दर्ता भएका जिल्लाहरूको अध्ययन गर्ने क्रममा समितिका सभापति दीपक निरौलासहितको सदस्य टोलीले भक्तपुरको स्थलगत अध्ययन गरेको हो।

छलफलमा नापी कार्यालय भक्तपुरका प्रमुख ज्ञानेन्द्रकुमार विष्ट तथा सहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय भक्तपुरका महेश चित्रकारले विगतमा भएका अनुगमनका बारेमा चर्चा गर्दै भक्तपुर प्राविधिक र भौगोलिक दृष्टिकोणले प्रदेश राजधानीका लागि उपयुक्त भएको बताउनुभयो।

जिल्लामा रहेका सरकारी भौतिक संरचना र विकास निर्माणको अवस्थाको अध्ययन गरिएको जानकारी दिँदै समितिका सभापति निरौलाले समितिले अधिकतम रूपमा सबैलाई पायक पर्ने स्थानको निर्णय गर्दै यहाँको यथार्थ विवरण लगेर प्रदेश संसद्मा पेश गर्ने बताउनुभयो।

छलफलमा जिल्ला समन्वय समितिका प्रमुख नवराज गेलाल, मध्यपुरथिमि नगरपालिका प्रमुख मदनसुन्दर श्रेष्ठ, सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेत, मध्यपुरथिमी नगरपालिकाका प्रशासकीय अधिकृत कमल ज्ञवाली, नेकपाका भक्तपुर जिल्ला अध्यक्ष बचन देउजा, नेकपाका नेता देवेन्द्र श्रेष्ठ, नेपाली कांग्रेसका जिल्ला नेता निशान ढुङ्गेल, नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीलगायतले सबै दृष्टिकोणबाट भक्तपुर प्रदेश राजधानी उपयुक्त भएको सुझाव राख्नुभएको थियो।

भक्तपुर, काभ्रे र नुवाकोटको अध्ययन पूरा गरेको समितिले अब चितवन र मकवानपुरको अध्ययन पश्चात आगामी असार १० गते प्रतिवेदन पेश गर्ने भएको छ। समितिको म्याद असार ११ गते सकिँदै छ।

# ट्राफिक प्रहरीको प्रदेश सम्मेलन

## दुर्घटना रोक्न १४ बुँदे कार्ययोजना

नरेन्द्र केसी, दाङ



ट्राफिक प्रहरीले ५ नम्बर प्रदेशभित्र दुर्घटना न्यूनीकरण गर्न १४ बुंदे कार्ययोजना तयार पारेको छ।

दाङको तुलसीपुरमा भएको ट्राफिक प्रहरी सम्मेलन तथा सडक सभ्यता अभिवृद्धि र सवारी दुर्घटना विषयक गोष्ठीबाट कार्ययोजना पारित गरिएको हो।

५ नं. प्रदेशलाई ट्राफिक व्यवस्थापन र शान्ति सुरक्षामा ७ वटै प्रदेशमध्ये नमुना योग्य र उत्कृष्ठ बनाउन कार्ययोजना तयार पारेको ५ नं. प्रदेश प्रहरी कार्यालय तुलसीपुरका प्रहरी अतिरिक्त महानिरीक्षक (डीआईजी) शेरबहादुर बस्नेतले बताउनुभयो।

'वार्षिक रूपमा सवारी दुर्घटनाबाट १७ सय जनाको मृत्यु र १२ हजारभन्दा बढी घाइते हुन्छन,' प्रहरी अतिरिक्त महानिरीक्षक बस्नेतले भन्नुभयो- 'अब हामी पाँच नम्बर प्रदेशलाई नमुना बनाउन लागेका छौं त्यसका लागि सबैको सहयोग आवश्यक छ।'

कार्ययोजनामा ट्राफिक नियमलाई कार्यान्वयनमा जोड दिने, रिफ्रेस सेन्टरको स्थापना, ट्राफिक स्वयम्सेवक निर्माण, घर-घरमा ट्राफिक प्रहरी उत्पादन अभियान, 'म' जिम्मेवार सडक प्रयोगकर्ता, सवारी चेकजाँच, समय कार्डलगायतका बुँदाहरू समेटिएको छ। कार्ययोजनालाई प्रत्येक जिल्लाका जिल्ला प्रहरी कार्यालय र ट्राफिक प्रहरी कार्यालयले कार्यान्वयनमा जोड दिनेछन्। गोष्ठीमा १२ वटै जिल्लाका प्रहरी प्रमुख, ट्राफिक प्रहरी प्रमुखहरूको सहभागिता रहेको थियो।

**बढ्दै दुर्घटना, तीन वर्षमा १५४९ को मृत्यु**

पछिल्लो समय सवारी दुर्घटनामा अकालमा ज्यान गुमाउनेको संख्या बढ्न थालेको तथ्याङ्क सार्वजनिक भएको छ। सम्मेलनमा ५ नं. प्रदेश प्रहरी कार्यालय तुलसीपुरले यस्तो तथ्याङ्क सार्वजनिक गरेको हो।

कार्यालयका प्रहरी नायब उपरीक्षक भुवनेश्वर तिवारीले सार्वजनिक गरेको प्रतिवेदनमा तीन वर्षको अवधिमा १ हजार ५ सय ४९ जनाले अकालमा ज्यान गुमाएका छन्। त्यसै गरी गम्भिर घाइते हुनेको संख्या २ हजार १ सय ४३ पुगेको छ भने सामान्य घाइते १ हजार ४ सय ९१ जना छन्। यो प्रदेशको १२ वटा जिल्लामा भएको सवारी दुर्घटनाको तथ्याङ्क हो।

आर्थिक वर्ष २०७२/२०७३ देखि आर्थिक वर्ष २०७४/२०७५ को हालसम्म २ हजार २ सय ९८ सवारी दुर्घटना भएको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०७२/०७३ मा भएको ७ सय ५० वटा सवारी, दुर्घटनामा ५ सय २८, आर्थिक वर्ष २०७३/०७४ मा भएका ८ सय १ सवारी दुर्घटनामा ५ सय ४२ र आर्थिक वर्ष २०७४/०७५ मा भएको ७ सय ४७ सवारी दुर्घटनामा ४ सय ७९ जनाको मृत्यु भएको छ।

सवारी दुर्घटना वृद्धि हुनुमा चालकको लापरवाही, कच्ची सडक, कम जनशक्ति, जनचेतना कमी प्रमुख कारण रहेको क्षेत्रीय प्रहरी कार्यालय कोहलपुरका प्रहरी उपरीक्षक राजेन्द्रसिंह खड्काले बताउनुभो।

## समाचार संक्षेप

### मास हिस्टोरियाका कारण दुई विद्यालय बन्द

खोटाङ, (नेस)

पठनपाठनका लागि विद्यालयमा उपस्थित छात्राहरूलाई मास हिस्टोरियाले सताएपछि खोटाङको दुई विद्यालय बन्द गरिएको छ। छात्राहरूमा काम्ने, हात खुट्टा बाउडिने, खकार्ने, साथीलाई थुक्ने चिथोर्ने लगायतका क्रियाकलाप देखाउन थालेपछि रावाबेँसी गाउँपालिका-६ स्थित सारदा मावि र बराहपोखरी-२ स्थित ज्यु मावि बन्द गरिएको हो।

सुरुमा चार-पाँच जनाबाट शुरु हुने मास हिस्टोरिया क्रमशः अन्य छात्रामा सर्ने र एकैसाथ १५-२० जना बिरामी पर्न थालेपछि ज्यू मावि सोमबारदेखि र शारदा मावि मंगलबारदेखि शुक्रबारसम्मका लागि बन्द गरिएको शिक्षा समन्वय इकाई प्रमुख ठाकुर दहालले बताउनुभयो। विगतमा २०६२/६३ सालमा १५ जना त्यसपछि पुनः २०७२ सालमा १२ जनामा मास हिस्टोरिया देखिएको थियो।

### धुलिखेल अस्पतालमा स्लिप मेडिसिन ल्याब सञ्चालनमा

काभ्रे, (नेस)

धुलिखेल अस्पताल, काठमाडौं विश्वविद्यालय अस्पतालको नाक, कान, घाँटी विभागले सुत्दाखेरि घुर्ने रोगको उपचार विधि शुरु गरेको छ।

मानिसहरू सुतेको समयमा घुर्ने लक्षण देखिएकाहरूको वास्तविक रोगको पहिचान र उपचारका लागि चिकित्सा सेवाको आधुनिक प्रविधि स्लिप मेडिसिन ल्याबको स्थापना गरी सेवा शुरु गरेको मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइयो।

नाका, कान, घाँटी विभागका डा. मोनिका पोखरेलले- 'यस ल्याबमा आधुनिक जर्मनी मेसिन जडान गरिएको छ, जुन मेसिनमार्फत बिरामीलाई उक्त ल्याबमा एक रात सुताइ, शरीरका सबै अंगहरूको जाँच गरिन्छ' भन्नुभयो। यसरी परीक्षण गर्दा सहज किसिमले रोगको पहिचान गर्न सकिने पनि उहाँले जानकारी गराउनुभयो। उहाँ थप्नुहुन्छ- 'मानिसमा सुतेको समयमा घुर्ने लक्षण नाक, कान, घाँटीमा, शारीरका अन्य अंगहरू सामान्य अवस्थामा नहुनु वा नसामा समस्याका कारण हुन सक्छ।

मानिसलाई सुतेको बखतमा घुर्ने समस्या/लक्षणका कारण सासै रोकिने, रक्तचाप, मधुमेह, पक्षघात, हृदयघात आदि रोगहरू लाग्न सक्ने जोखिम हुन्छ भने यस्तो घुर्ने समस्याले मानिसहरूमा डिप्रेसन, दिमागलाई एकिकृत गर्न नसक्नु तथा दुर्घटनासमेत निम्त्याउन सक्छ।

'मानिसमा हुने यस्ता समस्याहरूको समय मै पहिचान गरी भविष्यमा हुन सक्ने शारीरिक जोखिमबाट बच्नका लागि यो प्रविधिको प्रयोग आजको आवश्यकता हो' -डा.पोखरेल भन्नुहुन्छ।

यस्तो सेवा तथा प्रविधि नेपालभित्र थोरै अस्पतालहरूमा मात्रै उपलब्ध रहेको र यो सेवा हाल धुलिखेल अस्पतालमा मात्रै उपलब्ध रहेको छ। यो सेवा हाल धुलिखेल अस्पतालमा तुलानात्मक रूपमा सर्वशुलभ शुल्कमा सेवा प्रदान हुँदै आएको जानकारी गराउनुभयो।

प्रचण्डले भने

# भरतपुर अन्तर्राष्ट्रियस्तरको महानगर बन्न सक्छ

चितवन, (नेस)

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भरतपुरलाई अन्तर्राष्ट्रिय स्तरको महानगर बनाउने उद्घोष गर्नुभएको छ। चितवनको भरतपुर महानगरपालिकाले आयोजना गरेको महानगरको एकीकृत विकास गुरुयोजना निमार्णका लागि अवसर, चुनौती र भावी कार्यदिशा विषयक गोष्ठिमा बोल्दै उहाँले भरतपुर प्रचुर सम्भावना भएको महानगर भएकाले यसलाई विकासको नयाँ मोडेलमा अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले नवलपुर र मकवानपुरलाई समेटेर एकिकृत रूपमा विकास गरिने जानकारी दिनुभयो। प्रचण्डले नारायणी र राप्तीमा तटबन्धसहितको रिङ रोड र स्काई रेलको परिकल्पना गरिएको भन्दै यसलाई छिट्टै सार्थकता दिने बताउनुभयो। ठोरी केरुङ सडक निमार्णका लागि सुरुङ मार्ग बनाउने बारे पनि छलफल भइरहेको प्रचण्डले स्पष्ट पार्नुभयो।

राजनीतिक संक्रमणकालको अन्त्य भएकाले अब विकास र समृद्धिबाट भाग्ने छुट नेताहरूलाई नभएको प्रचण्डको भनाइ छ। यहाँसम्म आइपुग्न १२ बुँदे सहमति हुँदै थुप्रै चरणहरू पार गरेकाले अब राजनीतिक विषयलाई लिएर खिचलो गर्नुपर्ने विषय सकिएको उहाँले बताउनुभयो।

नेपाल, भारत र चीनको बीचमा रहेकाले विकासका लागि निकै ठूलो योगदान यी दुवै राष्ट्रबाट हुने विश्वास प्रचण्डले व्यक्त गर्नुभयो। अहिले चीन र भारतबाट पनि आफूलाई निम्तो आएको उल्लेख गर्दै प्रचण्डले केही समयपछि हुने भ्रमणमा पनि विकास मात्रै एजेन्डा मात्रै रहने बताउनुभयो।

प्रचण्डले स्थिर सरकारले ल्याएको बजेट विगतको नौ महिने सरकारहरूले ल्याउने बजेटजस्तो नहुने टिप्पणी गर्नुभयो। छोटो अवधिको सरकारले लोकप्रिय कार्यक्रम ल्याएर तत्काल भोट तान्ने योजना बनाए पनि ५ वर्षका लागि बनेको सरकारले मुलुकको आर्थिक अवस्था हेरेर बजेट बनाएको बताउनुभयो।

'विगतमा मौका पाएको बेलामा जनतालाई संवेदनशील बनाएर, भावुक बनाएर २ चारवटा लोकप्रिय कार्यक्रम ल्याएर भोट तानिहालौं भन्ने थियो' उहाँले भन्नुभयो- '५ वर्ष जाने सरकारले देशको आर्थिक अवस्था हेरेर, राष्ट्रप्रति जिम्मेवार भएर बनाएको बजेट र छिटै लोकप्रिय हुन बनाएको बजेट फरक हुन्छ।

अहिलेको सरकारले पहिलो वर्ष १ नम्बर, दोस्रो वर्ष २ नम्बर, तेस्रो नम्बर ३ नम्बर गियरमा गुड्ने र चौथो वर्षमा उडान गर्ने प्रचण्डले दाबी गर्नुभयो। 'पहिला १ नम्बर गियर, अर्को वर्ष २ नम्बर गियर, तेस्रो वर्ष ३ नम्बर गियर र त्यसपछि उडान भर्दा त जनताले देखिहाल्छन्' उहाँले भन्नुभयो।

कार्यक्रममा अर्थ एवम् योजनाविज्ञ डा. शुरेशराज आचार्यलगायतको टोलीले भरतपुर महानगरलाई समृद्ध र दिगो विकासमा लैजान अब बन्ने गुरुयोजना महत्वपूर्ण हुने बताएका थिए। चितवनबाट प्रतिनिधत्व गर्ने सासंद, उद्योगी व्यवसायी र राजनीतिक कर्मीहरूले योजना बनाउदा कम्तीमा पनि ५० वर्षलाई हेरेर बनाउन सुझाव दिए। सो अवसरमा भरतपुर महानगरका प्रमुख रेनु दाहालले आफ्नो टिम भरतपुरलाई कसरी व्यवस्थित र दिगो विकासमा लैजान सकिन्छ भनेर काम गरिरहेको दाबी गर्नुभयो।

## विभागस्तरीय...

'केही विभाग मन्त्रीको स्वार्थमा केही विभाग कर्मचारीहरूको स्वार्थमा राखिएका छन्। यस्तो तरिकाले संघीयता कार्यान्वयन कसरी गर्ने?' -मन्त्रालयका प्रवक्ता अधिकारीले भन्नुभयो। स्थानीय पूर्वाधारका काम स्थानीय तहमा गइसके पनि समितिले मन्त्रिपरिषद्मा सो विभाग रहने प्रस्ताव गरेको छ। त्यस्तै स्थानीय तहमा गइसकेका खानेपानी, पर्यटन, पशु, कृषि, वनजस्ता क्षेत्रअन्तर्गतको विभाग पनि अझै कायम गरिएको छ।

प्रवक्ता अधिकारीले एउटै प्रकृति र संघमा कार्यबोझ कम भएका विभागलाई गाभिनुपर्ने बताउनुभयो। काम, अधिकारअनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर ती विभागको टुंगो लगाइएको मन्त्रालयले जनाएको छ।

यसैगरी समान प्रकृतिका विभागहरू नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग अहिले कायम राखिएको छ। वाणिज्य विभाग र आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागलाई 'मर्ज' गरे पनि बाँकी २ वटा विभागलाई भने पहिलाकै स्वरूपमा कायम गरिएको छ।

यस्तै, सडक विभागअन्तर्गत नै राख्न सकिने अवस्थामा पनि रेल विभागलाई छुट्टै कायम गरिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वातावरण र वन तथा भूसंरक्षण विभागको जिम्मेवारी समानजस्तो भए पनि यी विभागलाई छुट्टाछुट्टै कायम राखिएको छ।

अब रहने विभाग वा विभागस्तरीय कार्यालयहरूमा राष्ट्रिय तथ्यांक कार्यालय,आन्तरिक राजस्व विभाग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, उद्योग विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय, खानी तथा भूगर्भ विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग रहेका छन्।

त्यसैगरी जलस्रोत तथा सिंचाइ विभाग, विद्युत् विकास विभाग खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग, नापी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, सहकारी विभाग, अध्यागमन विभाग, कारागार व्यवस्थापन विभाग, राष्ट्रिय परिचयपत्र व्यवस्थापन विभाग, यातायात व्यवस्थापन विभाग, रेल विभाग, सडक विभाग पनि यथावत रहने भएको छ।

यस्तै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, वातावरण विभाग, वैदेशिक रोजगार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, केन्द्रीय पञ्जीकरण विभाग, मुद्रण विभाग, सूचना तथा प्रशारण विभाग, सूचना प्रविधि विभाग, हुलाक सेवा विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग र औषधि व्यवस्था विभाग रहनेछ।

यसैगरी मन्त्रालयले नेपाल ट्रष्टको कार्यालय, राजश्व अनुसन्धान विभाग, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, सार्वजनिक खरिद अनुगमन कार्यालय, कृषि विभाग, पशुसेवा विभाग, शहरी विकास तथा भवन निर्माण विभाग, राष्ट्रिय शिक्षा, मानवश्रोत तथा पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, पुरातत्व तथा राष्ट्रिय अभिलेख विभाग राष्ट्रसेवक किताबखाना, स्वास्थ्य सेवा विभाग, जल तथा मौसम विज्ञान विभाग, खानेपानी विभाग, पर्यटन विभाग, महिला तथा बालबालिका विभाग र स्थानीय पूर्वाधार विभागलाई यथावत राख्न प्रस्तावित गरेको छ।

स्थानीय पूर्वाधार विभाग किन चाहियोभन्दा त्यहाँका कर्मचारी सबैले आवश्यक छ भनेर जवाफ दिएको स्मरण गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव डा. हरि पौडेलले भन्नुभयो 'सबै कार्यालयहरू तल अधिकार नै नदिने मानसिकतामा छन्।' संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिले मन्त्रालयको काम र प्रकृति हेरेर ती विभागको टुंगो लगाएको हो। समितिले गत फागुन २८ गतेदेखि काम गरेको थियो। मन्त्रालयले मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेपछि मात्र सो लागू हुनेछ।

## कांग्रेसलाई ...

पार्टीको विभिन्न संरचनाको कार्यसमितिमा नेतृत्वले हस्तक्षेप गर्ने, मनोनित गर्ने तथा गुटलाई संरक्षण गर्नेजस्ता विषय नै कांग्रेस कमजोर हुनुको मुख्य कारण रहेको औंल्याउँदै पौडेल पक्षका जिल्ला सभापतिहरू स्थानीय तहसम्मै निर्वाचित कार्यसमिति रहने संरचनाको पक्षमा छन्।

नेपाली कांग्रेसलाई संविधानसम्मत संरचनामा रूपान्तर गर्न तथा स्थानीय तहदेखि नै पार्टीलाई थप सुदृढ र गतिशील बनाउनका लागि कम्तिमा ३ महिनाभित्र सम्पन्न गाउँदेखि प्रदेशसम्मको अधिवेशन गरी निर्वाचित कार्यसमिति बनाउने प्रस्तावलाई एकरूपता दिन सभापतिहरू छलफलमा जुटेका छन्।

साविकको गाविस एउटा वडामा रूपान्तर भएको वा साविकको नगरपालिका, उप महानगरपालिका, महानगरपालिकाको वडा हाल पनि एउटा वडाका रूपमा रहेको अवस्थामा बाहेकका सबै वडाहरूका साथै पुनर्संरचनाको क्रममा निर्माण भएका सबै गाउँपालिका, नगरपालिका, उपनगरपालिका, महानगरपालिका र २ वटा जिल्लासहितका स्थानीय तहहरू र ७ वटै प्रदेशहरूमा कम्तिमा तीन महिनाभित्र अधिवेश सम्पन्न गर्ने बारेमा सभापति देउवा पक्षका सभापतिहरू एकमत नभएको पौडेल पक्षका सभापतिहरूको आरोप छ।

पार्टीको सबै तहमा विद्यमान समाबेसी समूहलाई बिस्तार गरी किसान, मजदूर समुह, पेशा ब्यवसायी समूह, १८ देखि ३० वर्ष उमेर समुह, जेष्ठ नागरिक समूहलाई समेत समावेस गर्ने गरी थप समावेशीकरणका लागि सभापतिहरूले प्रस्ताव तयार पारेका छन्। राजनीतिक दलसम्बन्धी ऐनको व्यवस्थाअनुरूप पार्टीको सबै तहमा ३३ प्रतिशत महिला सहभागितालाई सुनिश्चित नभएको बारेमा पनि सभापतिहरूले चासो दिएका छन्।

पार्टीको प्रत्येक सदस्यलाई आर्थिक रूपले आत्मनिर्भर तथा उध्ययमशील बनाउन 'स्वावलम्बी अभियान' सञ्चालन गर्ने, पार्टीको सबै तहलाई आर्थिक रूपले सवल तुल्याउन लेवी प्रणालीलाई प्रभावकारी बनाउने, लेखा परीक्षण र अनुगमनलाई नियमित गर्ने विषयलाई पनि सभापतिहरूको भेलामा विस्तृत छलफल हुने भएको छ।

स्थानीय तह सशक्तिकरणअन्तर्गत गाउँपालिका र नगरपालिका कार्यसमितिलाई बढी सशक्त एवं अधिकार सम्पन्न बनाउने, गाउँपालिका र नगरपालिका सभापतिहरू रहेको एउटा छुट्टै 'स्थानीय तह सभापति सभा' गठनगर्ने र कम्तिमा वर्षको दुईपटक सभाको बैठक बसाउने जस्ता विषयलाई पनि प्राथमिकताका साथ छलफल गरी प्रस्ताव तयार पार्ने जिल्ला सभापतिहरूले बताएका छन्।

पार्टी विधानमा संशोधन र परिमार्जनको सवालमा पनि जिल्ला सभापतिहरूको भेलाले ठोस प्रस्ताव तयार पार्दै गरको बताएका छन। पार्टी सदस्यता सम्बन्धमा पार्टीको विद्यमान साधारण सदस्यको नाम परिवर्तन गरी प्रारम्भिक सदस्य कायम गर्ने र अनिवार्य अभिलेखिकरणको व्यवस्था गर्ने, बिद्यमान क्रियाशील सदस्यताको अतिरिक्त निश्चित मापदण्डसहित विशिष्ट क्रियाशील सदस्यताको व्यवस्था सहित विधान संशोधन गर्ने प्रस्ताव लैजाने तयारी भैरहेको छ।

कांग्रेसमा प्रवेश, समावेस र एकीकृत हुने व्यक्तिलाई जिल्ला कार्य समितिको सिफारिसमा केन्द्रले एक महिनाभित्र क्रियाशील वा विशिष्ट क्रियाशील सदस्यता प्रदान गर्ने गरी विधान संशोधन हुनुपर्ने जिल्ला सभापतिहरूको भनाइ छ। कुनै पनि व्यक्तिले समावेशी समूहबाट एउटै पदमा बढीमा २ पटक मात्र प्रतिनिधित्व गर्न पाउने तथा महाधिवेशनका क्रममा स्वतः प्रतिनिधि हुने व्यवस्था खारेज गर्ने व्यवस्था पनि विधानमा हुनुपर्ने जिल्ला सभापतिहरूले प्रस्ताव तयार गरको छन्। विधान संशोधन र परिमार्जन गर्दा अनुशासनको कारबाही गर्ने अधिकार जिल्ला कार्य समितिमा रहने प्रदेश कार्य समितिमा पुनरावेदन गर्न पाउने, एकै व्यक्ति लगातार २ पटकभन्दा बढी केन्द्रीय कार्यसमिति र जिल्ला कार्य समितिको सभापतिमा रहन नपाउने वर्तमान व्यवस्थालाई सबै तहको सभापतिको हकमा कायम गर्ने गरी विधान संशोधन गर्नुपर्ने प्रस्ताव पनि तयार हुँदै गरेको बताइएको छ।

गाउँपालिका र नगरपालिकाका सभापति जिल्ला कार्य समितिका पदेन सदस्य हुने व्यवस्था गर्ने त्यसै गरी जिल्ला कार्य समितिका सभापति प्रदेश कार्य समितिमा र प्रदेश कार्य समितिका सभापति केन्द्रीय कार्य समितिमा पदेन सदस्य हुने व्यवस्था गर्ने गरी विधान संशोधन गर्नुपर्ने जिल्ला सभापतिहरूको प्रस्ताव रहने बताइएको छ। पार्टी संरचना सम्बन्धमा पनि विद्यमान संरचनालाई वर्तमान संविधान सम्मत बनाउन तहगत प्रबन्ध गर्ने बारेको प्रस्तावलाई सर्वसम्मति बनाउन पनि जिल्ला सभापतिहरू छलफल गरिरहेका छन्।

पार्टी संरचनामा गाउँ र टोल कार्यसमिति (वडा कार्य समितिले निर्णय गरेअनुसार), मतदान केन्द्र कार्यसमिति, वडा कार्यसमिति (वडाको सट्टा सेवा केन्द्र वा अन्य कुनै उपयुक्त नाम), गाउँ नगरपालिका कार्य समिति, प्रादेशिक क्षेत्रीय कार्यसमिति, संघीय क्षेत्रीय कार्यसमिति, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमिति हुनुपर्ने भन्दै जिल्ला सभापतिहरूले सबै तहमा २ सय ५५ बाट नबढ्ने गरी कार्यसम्पादन समिति गठन गर्ने प्रस्ताव ल्याउन लागेका छन्। पार्टी संरचनालाई स्थानीय तहको वडासम्मै यसरी विस्तार गर्दा केन्द्रदेखि गाउँतहसम्म पार्टी संगठन प्रभावकारी र चलायमान हुने काभ्रे कांग्रेसका सभापति मधु आचार्य बताउनुहुन्छ।

टिकट वितरणसम्बन्धी संरचनागत जिम्मेवारीका सावललाई पनि कांग्रेस सभापतिहरूले महत्व दिएर प्रस्ताव तयार गरिहरेका छन्।

निर्वाचनको बेला टिकट वितरण गर्दा वडा तहको टिकट गाउँ र नगरपालिका बोर्डको सिफारिसमा प्रादेसिक क्षेत्रीय बोर्डले निर्णय गर्ने, गाउँपालिका अध्यक्ष उपाध्यक्षको टिकट प्रादेसिक क्षेत्रीय बोर्डको सिफारिसमा संघीय क्षेत्रीय बोर्डले निर्णय गर्ने र नगरपालिकाको प्रमुख उप-प्रमुख र जिल्ला समन्वय समिति सदस्यको टिकट संघीय क्षेत्रीय बोर्डको सिफारिसमा जिल्ला बोर्डले निर्णय गर्ने व्यवस्था गर्नेतर्फ जिल्ला सभापतिहरूले जोड दिएका छन्।

जिल्ला सभापतिहरू पार्टी विधान संशोधनको मस्यौदा तयार पार्नुका साथै पार्टीको संगठनात्मक संरचना, सदस्यताको प्रकृति, पार्टीभित्रको निर्वाचन प्रणाली, मूल्यांकन पद्धति र संगठनात्मक व्यवस्था सम्बन्धि ठोस प्रस्ताव तयार पार्न केन्द्रित हुने भएको बताउँदै काभ्रे जिल्ला सभापति आचार्यले यस बारेमा छलफल भइरहेको नेपाल समाचारपत्रलाई जानकारी दिनुभएको छ।

## असफल...

उनीहरूले कांग्रेसलाई नयाँ ढंगबाट सञ्चालन गर्न जिल्लाका युवा पुस्तालाई अगाडि ल्याउनुपर्ने भएकाले आफूहरू त्यहीअनुसार अगाडि बढिरहेको बताएका छन्।

## जोशी...

न्याय परिषद्को बैठकले केही दिनअघि वरिष्ठताका आधारमा जोशीसहित न्यायाधीशद्वय चोलेन्द्रशमशेर जबरा र ओमप्रकाश मिश्रको नाम सिफारिस गरेको थियो। वरियताक्रममा पहिलो नम्बरमा रहनुभएका जोशीलाई सिफारिस गरिएको न्याय परिषद्ले जनाएको छ।

विगत २ महिनादेखि प्रधानन्यायाधीश पद रिक्त हुँदा न्यायालयको नीतिगत काम ठप्प प्राय भएको थियो। सर्वोच्च अदालतमा २०७४ चैत १ देखि प्रधानन्यायाधीश पद रिक्त रहेको छ। जोशी २०७६ साउनसम्म प्रधानन्यायाधीशका रूपमा कार्यरत रहनुहुनेछ। यसअघि २०७४ असार ३ देखि चैत ३० सम्म ८ महिना गोपाल पराजुली प्रधानन्यायाधीशका रूपमा बहाल रहनुभएको थियो।